081-520151, 520338, 520316
टोलफ्री नं : 16608152052
फ्याक्स नं : 081-520240
इमेल: nepalgunjmun@gmail.com

# नेपालगंज उप-महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

नेपालगञ्ज, बाँके
लुम्बिनी प्रदेश

आ.व. ०८१/०८०
च.नं. ४३३१

मिति : २०८०।०३।०३

विषय : सामुदायिक विद्यालयहरु नियमित ,मर्यादित र व्यवस्थित रुपमा सञ्चालनमा राख्ने सम्बन्धमा ।

श्री सम्पूर्ण सामुदायिक विद्यालयहरु

नेपालगञ्ज उप-महानगरपालिका ,बाँके ।

प्रस्तुत विषयमा विद्यालय हाम्रा बालवालिकाहरुको सुन्दर भविष्य निर्माण गर्ने पवित्र मन्दिर हुन । यस सन्दर्भमा विद्यालयमा कुनै पनि राजनीतिक तथा अन्य स्वार्थका लागि बन्द,हडताल र पठनपाठनमा अवरोध गर्न नमिल्ने गरी विद्यालय शान्ति क्षेत्र घोषणा नेपाल सरकारबाट मिति २०६८।०२।११ मा नै गरिएको र सोको कार्यान्वयनार्थ विद्यालय शान्ति क्षेत्र राष्ट्रिय ढाँचा, कार्यान्वयन निर्देशिका,२०६८क्रियाशिल रहेका ब्यहोरा विविधै होला । विद्यालय कर्मचारी परिषदले राखेका पेशागत मागका सम्बन्धमा नेपालगञ्ज उपमहानगरपालिका,बाँके सदैव सकारात्मक रहेको तथा यस सम्बन्धका समस्या समाधानार्थ नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट पनि मिति २०८०।०३।०१ गते नै परिषद र सरकारबीच बार्ता गर्न, बार्ता टोली नै गठन भएको सन्दर्भमा पनि मिति २०८०।०३।०३ गते यस उप-महानगरपालिकाका केही सामुदायिक विद्यालयहरुको पठनपाठनमा अवरोध हुने गरी तोकिएका आचारसंहिता विपरित भई विद्यालय बन्द गरिएकोमा हाम्रो गम्भिर ध्यानाकर्षण भएको छ । आगामी समयमा यस्ता गतिविधि नगर्न र भोली मिति २०८०।०३।०४गतेदेखि विद्यालयको पठनपाठन मर्यादित तथा ब्यवस्थित तवरले गर्न,गराउन सम्बन्धित पक्षहरु ,प्रधानाध्यापक,शिक्षक ,विद्यालय कर्मचारी लगायतलाई यसै सूचना मार्फत निर्देशन गरिएको छ । अन्यथा, विद्यालयमा कुनै पनि दलिय,राजनीतिक तथा अन्य स्वार्थका लागि बन्द,हडताल र पठनपाठनमा अवरोध जस्ता कुनैपनि अशोभनीय क्रियाकलापहरु गरेको पाईएमा प्रचलित ऐन ,कानून र नियम बमोजिम हुनेगरी कारबाही भईजाने ब्यहोरा जानकारीको लागि अनुरोध छ ।

बोधार्थ :

१) श्री विद्यालय कर्मचारी परिषद, ने.ग.उ.म.न.पा.,बाँके ।

२) श्री शिक्षक महासंघ ,ने.ग.उ.म.न.पा.,बाँके ।

३)श्री सूचना प्रविधि शाखा ,ने.ग.उ.म.न.पा.,बाँके ।

03/03

प्रशान्त विष्ट
नगर-प्रमुख
नेपालगंज उप महानगरपालिका